नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
# तातोपानी भन्सार कार्यालय
लार्चा, सिन्धुपाल्चोक

फोन नं. ०११-४८०१३२
E-mail tatopani@customs.gov.np

## लिलाम बिक्री सम्बन्धी दोस्रो पटक प्रकाशित सूचना

## सूचना प्रकाशित भएको मितिः २०८२।०३।३० गते सोमबार ।

श्री इलाका प्रहरी कार्यालय, कोदारीले जिल्ला सिन्धुपाल्चोक भोटेकोशी गाउँपालिका वडा नं. २ स्थितबाट भन्सार छली गरि मालबस्तु ल्याउँदै गरेको अवस्थामा फेला पारी मिति २०८१।०७।०९ गते पत्रसाथ भन्सार छली चोरी पैठारी गरेको अभियोगमा मानिस सहित यस कार्यालयमा दाखिला गरेको मुद्दा फैसला भई जफत भएका मालवस्तुहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम सकार गर्ने गरी भन्सार नियमावली २०६४ को नियम ३५ को उपनियम २ बमोजिम पहिलो पटक प्रकाशित सुचनाबाट लिलाम बिक्रि हुन नसकेको हुँदा भन्सार नियमावली २०६४ को नियम ३६ को उपनियम ५ मा भएको व्यवस्था अनुसार पुनः दोस्रो पटक सिलबन्दी दरभाउपत्र आह्वान गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले ईच्छुक फर्म/कम्पनी/संस्थाले सूचना प्रकाशन भएको मितिले देहायको अवधिभित्र गोप्य सीलबन्दी दरभाउपत्र पेश गर्नुहुन सार्वजनिक सूचना प्रकाशित गरिएको छ । सूचना भन्सार बिभागको वेबसाईट https://www.customs.gov.np तथा यस कार्यालयको वेबसाईट https://customs.gov.np/tatopani मा समेत हेर्न सकिनेछ। सूचनासँग सम्बन्धित दरभाउपत्र यस कार्यालयको लेखा शाखाबाट खरिद गर्न सकिनेछ। अन्य थप जनकारीका लागि कार्यालय समयावधिभित्र कार्यालयको मुद्दा तथा लिलामी शाखामा सम्पर्क राखी बुझ्न समेत सकिनेछ ।

तपसिलः

| सि.नं. | मुद्दा नं./आ.व. | मालवस्तुको विवरण | न्यूनतम मूल्य रु. | दरभाउपत्र खरिद मूल्य रु. |
|---|---|---|---|---|
| १ | ३४/२०८१/२०८२ | I Phone 13 Pro Max and 14 pro Max गरी जम्मा थान २ | रु.१७०००० ।– (एक लाख सत्तरी हजार मात्र) | १००० । (एक हजार) |

शर्तहरुः

१. दरभाउपत्र सूचना प्रकाशन भएको मितिले ७ औं दिन कार्यालय समय भित्र तोकिएको दस्तुर तिरी (फिर्ता नहुने गरी) यस कार्यालयको लेखा शाखाबाट खरिद गर्न सकिनेछ । दरभाउपत्र खरिद गर्दा मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, व्यावसाय दर्ताको प्रतिलिपि आ.व. २०८०।०८१ को कर चुक्ता भएको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

२. आफुले कबोल गरेको रकमको १०% (दश प्रतिशत) ले हुने रकम नेपाल बैंक लि. चौतारा सिन्धुपाल्चोक शाखामा रहेको कोष तथा लेखा नियन्त्रक कार्यालयकको एकलकोष धरौटी खाता नं. ०५७०१००००२००३००००१ मा जम्मा गरी सोको दोस्रो प्रती सक्कल बैंक भौचर बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

३. बोलपत्रमा बोलपत्रदाताले आफुले कबोल गरेको रकम अंक र अक्षर दुवैमा स्पष्टसंग उल्लेख गर्नुपर्नेछ । सच्याईएको वा केरमेट गरेको स्थानमा बोलपत्रदाताको अनिवार्य दस्तखत हुनु पर्नेछ । साथै अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन।

४. बोलपत्रदाताले जो जस्को फर्म/कम्पनीको नाममा दरभाउपत्र खरिद गरिएको हो सोहीको नामबाट बोलपत्र पेश गर्नु पर्नेछ। कार्यालयबाट खरिद गरिएको सक्कल बोलपत्र फाराममा नै बोलपत्र भर्नु पर्नेछ ।

५. सिलबन्दी दरभाउपत्र ८ औं दिन अपरान्ह १२:०० बजेसम्म यस कार्यालयको लेखा शाखा (सो दिन सार्बजनिक बिदा परेमा लगतै कार्यालय खुलेको दिन) मा तोकिएको समयमा दर्ता गरिसक्नु पर्नेछ । दर्ता भएको सिलबन्दी दरभाउपत्र सोही दिन दिउँसो १५:०० बजे कार्यालयको प्रतिनिधि, दरभाउपत्र दाताहरु र अन्य प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । दरभाउदाताहरु वा निजको प्रतिनिधिहरु उपस्थित नभएमा सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन।

६. दरभाउपत्र स्वीकृत भएको जानकारी यस कार्यालयको सूचना पाटीमा सूचना प्रकाशन गरी जानकारी गराईनेछ । दरभाउपत्र स्वीकृत भएको जानकारी पाएको मितिबाट ७ दिनभित्र बुझाउनु पर्ने रकम, मू.अ.कर र प्रचलित कानून बमोजिम लाग्ने अन्य महसुलहरु बुझाई मावलवस्तु

२०८२।०३।३०
भन्सार अधिकृत

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
तातोपानी भन्सार कार्यालय
लार्चा, सिन्धुपाल्चोक
फोन नं. ०११-४८०१३२
E-mail tatopani@customs.gov.np

उठाई लैजानु पर्नेछ । उठाई नलगेमा भन्सार नियमावली २०६४ को नियम ३६(४) बमोजिमको धरौटी रकम जफत गरी न्यूनतम भन्दा बढी कबोल गर्ने क्रमशः दोश्रो, तेश्रो वा चौथो घटिवालाको कबोल अंक स्वीकृत गरिनेछ ।

७. दरभाउपत्र खरिद गरेको व्यक्तिले मालवस्तु हेर्न चाहेमा यस कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ।

८. यसमा उल्लेख भएको बाहेक अन्य विषयहरु नेपाल सरकारको प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

९. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

भन्सार अधिकृत